स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



म्यूजिक भिडियोलाई कलाकारहरुको आम्दानीको राम्रो स्रोत मानिन्छ । पारिश्रमिक राम्रो प्राप्त हुने भएकाले फिल्ममा चलेका कलाकारहरु पनि म्यूजिक भिडियो भनेपछि लोभिन्छन् । अब यो भीडमा अभिनेता आशीर्वाद क्षेत्री पनि थपिएका छन् । अघिल्लो वर्षको बैशाखमा प्रदर्शन भएको फिल्म 'नाइँ नभन्नू ल ६'बाट उनले डेब्यू गरेका थिए । ठूलो 'ब्रान्ड भ्याल्यू'का बावजूद पनि फिल्म भने बक्स अफिसमा असफल ठहरियो । यद्यपि, उनको लुक्स, नृत्य र एक्सनको प्रशंसा भएको थियो । यसपछि उनले नया फिल्ममा काम गरेका छैनन् ।

आजको विचार...



मेखराज उदय

सत्ताको...

(दुई पेजमा)



निर्देशक सुदर्शन थापाले जनकपुरस्थित जानकी मन्दिरबाट आफ्नो 'महत्वाकांक्षी' फिल्म 'रावायण'को छायांकन थालेका छन् । कलाकार र प्राविधिकको उपस्थितिमा सोमबार बिहान पूजाआजा गर्दै छायांकन थालिएको हो । प्रमुख कलाकार पूजा शर्मा, पल शाह, प्रमोद अग्रहरिले क्यामेरा पूजा गरे । सुदर्शन थापा प्रोडक्सन र पूजा शर्मा प्रोडक्सनको संयुक्त ब्यानरमा फिल्म बन्न लागेको हो । यो फिल्ममा पल, पूजा र प्रमोदसँगै प्रियंका कार्की, निकिता चाण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदीप ढकालको पनि अभिनय हुनेछ ।

❑ वर्ष २९ ❑ अंक २६३ ❑ २०८१ वैशाख ११ गते मंगलबार 23 April 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आफ्नै घरमा आगो लगाउने पक्राउ

**गुल्मी,** वैशाख १०/मादक पदार्थ सेवन गरी आफ्नै घरमा आगो लगाउनेलाई जिल्ला प्रहरी कार्यालय गुल्मीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धुर्कोट गाउँपालिका-६ रजस्थलका ५९ वर्षीय रेखबहादुर परियार रहको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी शंकर पोखेलले जानकारी दिए । परियारले मादक पदार्थ सेवन गरी आइतबार राति आफु बस्ने घरमा आगो लगाएका थिए । आगो लागेपछि घरभित्रका अन्नपात, लत्ताकपडा जलेर पूर्णरुपमा नष्ट भएको छ । अन्य समयमा पनि परियारले मापसे गरी गाउँमा होहल्ला गर्ने र छिमेकीको घरमा आगो लगाइदिन्छु भन्दै धम्की दिने गरेको प्रहरीले जनाएको छ । आफ्नै घरमा आगो लगाएपछि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी नायब उपरीक्षक शंकर पोखरेल नेतृत्वको टोलीले परियारलाई पक्राउ गरेको थियो । उनलाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने प्रहरीले जनाएको छ । घरमा आगो लागेपछि अलपत्र परेकी रेखबहादुरकी श्रीमती सीता परियारलाई सोमबार जिल्ला प्रशासन कार्यालयले तत्कालका लागि राहत रकम उपलब्ध गराएको छ । त्यसैगरी, नेपाल रेडक्रसले पनि पीडित परिवारलाई भाँडाकुँडा, त्रिपाल र लत्ताकपडा उपलब्ध गराएको छ । *-रासस*

## पाल्पामा आगलागीका बढ्दो घटना

# टुँडिखेलमा गराइयो आगलागी सम्बन्धी कृत्रिम अभ्यास

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख १०/सोमबार बिहान एकाएक तानसेनस्थित टुँडिखेलमा फुसको छानो भएका घरबस्तीमा आगलागी भयो । लागुपदार्थ सेवन गरेर आएका तीन जना व्यक्तिले चुरोट सल्काएर ठुँटो फालेपछि त्यहाँ रहेको सल्लीपिलरमा आगो सल्कन गई वस्तीमै पुगेको थियो । आगलागी भएको सूचना प्रहरी कन्ट्रोलमा आयो । प्रहरी सेटबाट तत्कालै विपद् व्यवस्थापनलाई जानकारी गराइयो । घटना थाहा पाउने वित्तिकै नेपाली सेना, शसस्त्र प्रहरी र नेपाल प्रहरीहरु सरसमान लिएर टुँडिखेल पुगे । आगलागीबाट दुईवटा घर जली पूर्णरुपमा नष्ट भए भने ३ जना घाइते भए । घटनास्थल खटिएका सुरक्षाकर्मीले पाइपबाट पानी हालेर आगो निभाए । आगलागी भईरहेका घर भित्र रहेका केही सरसमान, लत्ता कपडा, भाडाँ कुडा तालिम प्राप्त सुरक्षाकर्मीहरुले बाहिर निकाल्न सफल भए । बस्तीमा लागेको आगो नियन्त्रण गरी थप बस्तीमा आगलागी हुन पाएन । घाइते ३ जनालाई सुरक्षाकर्मीले प्राथमिकता उपचार गरी नेपाल रेडक्रसको एम्बुलेन्समार्फत तत्कालै उपचारको लागि अस्पताल पुऱ्याएको थियो । तर यो वास्तविक घटना भने होइन । जिल्ला सुरक्षा समितिको आयोजनामा विपद् आइपर्दा कसरी सतर्क रहने भनेर विपद् कृत्रिम घटना अभ्यास गरी देखाइएको हो । अभ्यास देखाइए पनि घटनामा वास्तविक साना-साना फुसको छानो भएका घरहरू निर्माण गरिएका थिए । बस्ती जस्तो बनाइएको थियो । उद्धार टोलीमा प्रहरी र सेना तथा एम्बुलेन्स तयारी थिए । अस्पतालमा स्वास्थ्कर्मी र सम्बन्धित निकायका पदाधिकारीहरू समेत तयारी थिए । कृत्रिम घटना भए पनि वास्तविक जस्तै बनाइएको थियो ।









जिल्लामा दिनदिनै आगजनीका घटना हुन थालेपछि सावधानीका लागि जनचेतना फैलाउन जिल्ला सुरक्षा समितिको आयोजना, तानसेन नगरपालिका र डिभिजन वन कार्यालयको समन्य र सहकार्यमा आगलागी सम्बन्धी कृत्रिम घटना अभ्यास गराइएको हो । केही सातायता तानसेन नगरपालिका र अन्य स्थानीय तहका वन र वस्तीमा आगजनीका घटना भइरहेका छन् । बदलिदो मौसमका कारण फैलिने आगोबाट झन ठूलो नोक्सानी हुन सक्ने जोखिम रहेकाले विपद पूर्व तयारी अनुरुप सरोकारवाला निकायसित समन्वय गरेर टुँडिखेलमा कृतिम अभ्यास गरिएको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले बताए । उनले विपत सुरक्षाकर्मी एक्लैले नियन्त्रण गर्न नसक्ने भन्दै समुदायका नागरिकहरुको समेत दायित्व रहेको उल्लेख गरे । कार्यक्रममा बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, माथागढी गाउँपालिकाका अध्यक्ष यम चिदी, तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्कीले बेला-बेला आयोजना गरिने यस्ता सचेतनामूलक कार्यक्रमले भविष्यमा हुनसक्ने आगलागी सम्बन्धी दुर्घटनाबाट सर्वसाधरणको ज्यान जोगाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनीहरुले आगलागी नियन्त्रणमा स्थानीय सरकारलाई चुनौती रहेको बताए ।

आगलागी नियन्त्रण सचेतना डेमो सहित घरमा कुनै कारणले ग्याँस लिग भई हाल्यो भने त्यसको नियन्त्रण कसरी गर्ने सो को अभ्यास पनि गरिएको थियो । सामान्य सचेतना पनि नहुँदा दुर्घटना ठूलो हुने भएकाले घरमा ग्यास सिलिन्डर लिग हुँदा नडराई अक्सिजन नआउने गरी कम्बल वा कपडाले ढाक्ने हो भने निभ्ने कुराको अभ्यास गराइएको थियो ।

## लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं ।
- कानूनी शासन सुनिश्चित गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं ।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# आगलागी प्रभावितको राहत र उद्धारमा खटिन गुल्मी काँग्रेसको अपिल

## घाइतेहरुको अवस्था बुझ्न काँग्रेस नेता भट्टराई अस्पताल

**पाल्पा,** वैशाख १०/नेपाली काँग्रेस गुल्मीले आगलागी प्रभावितको राहत र उद्धारमा खटिन सबैमा अपिल गरेको छ । काँग्रेसले प्रभावितहरुको उद्धार, राहत र उचित बसोबासको व्यवस्थाका लागि तीनै तहका सरकार, राजनीतिक दल, विभिन्न संघसंस्था, स्वदेश तथा विदेशमा रहनुहुने सबैमा अपिल गरेको हो ।

केही दिन यता गुल्मीका विभिन्न स्थानमा आगालागीका कारण ठूलो परिमाणमा घर, गोठ, पशुचौपाया जल्नुको साथै केही नागरिकहरु घाइते भएको घटनाले पार्टी मर्माहत एवं दुःखी भएको भन्दै राहत र उद्धारमा खटिन काँग्रेसले सबैमा आग्रह गरेको छ । उसले प्रभावित नागरिकको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तीनै तहका सरकारसँग माग समेत गरेको छ । सोमबार काँग्रेस जिल्ला सचिव जगदीश भट्टराईले अपिलमार्फत पीडित परिवारलाई राहत उपलब्ध गराउन, बसोबासको व्यवस्था मिलाउन र घाइतेहरुको उचित उपचारको व्यवस्था गर्न संघीय, प्रदेश र स्थानीय सरकारसमक्ष माग गरेका हुन् । 'डढेलोको यो विपतमा आम नेपाली नागरिकलाई उच्च सर्तकता अपनाउन आग्रह गर्दै सरकार, राजनैतिक दलहरु, संघ-संस्था, स्वदेश तथा विदेशमा रहनुहुने सबैलाई तन, मन र धनका साथ खुला हृदयले मानवीय सेवाको अभियानमा जुट्न नेपाली काँग्रेस गुल्मी हार्दिक अपिल गर्दछ' सचिव भट्टराईले अपिलमार्फत भनेका छन् । विपतको अवस्थामा तीनै तहका सरकारहरु समेतको समन्वय र सहयोगमा उद्धार, घाइतेहरुको सर्वशुलभ उपचार र राहतको कार्यमा राज्यका सबै निकायहरुलाई युद्धस्तरमा परिचालन गर्न/गराउन सबै पक्षसँग जोडदार माग गरिएको अपिलमा उल्लेख छ ।





नेपाली काँग्रेस

हार्दिक अपिल

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवा जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लोकतन्त्र दिवसको सन्दर्भ

आज वैशाख ११ गते, अर्थात् १८ औँ लोकतन्त्र दिवस । देशभर नै यो दिवस विविध कार्यक्रमका साथ मनाइँदै छ । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनको सफल समापनपछि तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको समाप्ति भएको एउटा विशिष्ट दिनका रुपमा समेत यस दिनलाई स्मरण गर्ने गरिन्छ । नेपालमा लोकतन्त्र स्थापना भएको पनि १७ वर्ष बितिसकेको छ । यस अवधिमा मुलुकले धेरै आरोह अवरोह पार गरेको छ । राजसंस्थाको अन्त्य गरी जनताको प्रत्यक्ष शासन सञ्चालन हुँदै आएको छ । तर लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भए पनि नागरिकको आधारभूत आवश्यकता परिपूर्ति हुन सकेको छैनन् । यो अत्यन्त दुःखको कुरा हो । यसबीचमा थुप्रै सरकार गठन भए पनि जनताले भने लोकतन्त्रको अनुभूत गर्न सकेका छैनन् । लोकतान्त्रिक व्यवस्थामा विकास, लोकतन्त्र/गणतन्त्रका अनेकौं विषय र सवालमा बहसहरू भए/भइरहेका छन् । तर, ती बहसले लोकतन्त्र/गणतन्त्रलाई संस्थागत गर्न उपयुक्त बाटो पहिल्याउन नसक्नु विडम्वना हो ।

लोकतन्त्रले त जनताका पीरमर्कालाई नजिकबाट आत्मसात् गर्न सक्नुपर्छ । अहिले मुलुकमा तीन तहका सरकार छन् । तर पनि आमनागरिकले समृद्धि र विकासको वास्तविक अनुभूति गर्न सकेका छैनन् । अझै दुःखी, गरिब र विपन्न जनताको चुलोमा राम्ररी आगोसमेत बल्न सकेको छैन । भ्रष्टाचार, अनियमितता, कमिसनतन्त्रको जरा अहिले पनि मौलाएकै अवस्थामा छ । लोकतान्त्रिक व्यवस्थालाई जनताको प्रत्यक्ष शासन भएको व्यवस्थाका रुपमा अर्थ्याइए पनि त्यसो नहुनु विडम्वना हो । संसदीय प्रक्रियाको हकमा त्यो लागू भैरहेको देखिए पनि व्यवहारिकरुपमा भने दलीय नेतृत्व तहमा रहेका केही सीमित व्यक्ति मोटाउनु बाहेक लोकतन्त्रको खास उद्देश्यले काम गर्न नै सकिरहेको छैन । सोझ्रो अर्थमा हेर्दा जनताले छानेका प्रतिनिधिहरुले शासन व्यवस्था सञ्चालन गरिरहेको नदेखिने होइन, त्यसका बाबजुद देशलाई आर्थिकरुपमा टाट पल्टाउन र जनताको दैनिक जीवन कष्टकर बनाउन लोकतान्त्रिक पद्धतिलाई नै प्रयोग गर्ने गरिएको पाइएको छ । जसका कारण अहिले संसदीय व्यवस्था नै बदनाम हुँदै गैरहेको छ भन्दा अन्यथा हुँदैन । यसर्थ राजनैतिक नेतृहरुले व्यक्तिगत र दलीय स्वार्थभन्दा बृहत्तर राष्ट्रिय स्वार्थमा ध्यान केन्द्रित गर्दै मुलुकलाई विकास र समृद्धिको मार्गमा लैजानेतर्फ अग्रसर भई लोकतान्त्रिक संस्कार र व्यवहारको विकास गर्न सके मात्र लोकतन्त्र दिवस मनाउनुले मात्र सार्थकता प्राप्त गर्न सक्छ अन्यथा दिवस औपचारितामै सिमित हुने निश्चित छ ।

### Opinion @ Social Network

हौसला सधैं राखिराख्नु राम्रा अनि
नराम्रा दिनत आइरहन्छन् जिन्दगीमा ।
(ईश्वरी थापाको फेसबुक स्टाटस https://www.facebook.com/mwgarr.esori)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्ताको दुर्गन्ध र असम्पर्कित प्रतिपक्ष



मेखराज उदय

नेपाली राज्य-सत्ताको चरित्र कस्तो छ ? नागरिक अनुमोदनद्वारा निर्माण गरिएको वर्तमान संविधान, यसका उपलब्धि तथा सीमा के हुन् ? वा संविधानका सबल/दुर्बल पक्ष के के हुन् ? अझ भनौं यही संविधान बमोजिम मुलुकलाई कति वर्ष अगाडि बढाउन सकछौं ? यी आदि प्रश्नहरूको गम्भीर समीक्षा सहित युवा शक्ति (विभिन्न वर्ग–समुदायका) लाई यथोचित जवाफ दिने जमर्को नगर्ने हो भने देशले तरक्की गर्ने अर्को कुनै सम्भावना देखिँदैन । मुलुकमा हरेक क्षेत्रमा देखिएका निराशा, असफलता, अन्योल, सम्भावनाहीनता र भविष्यमाथिको अन्धकार सपनाबाट निकास निकाल्नु हामी सबैको दायित्व हो । अक्षम नेतृत्वद्वारा मुलुक र निराश जनता शासित छ । नागरिकले आवधिक निर्वाचनमा ती अक्षम नेतृत्वलाई मतदान गरी निर्वाचित गराउँदै आएका छन् । त्यसैको आधारमा संसद्मा अक्षम दल र तिनका असफल नेता सत्ताको दुर्गन्ध फैलाइरहेका छन् । त्यसैलाई नेपाली जनता, विश्व समुदाय लोकतन्त्र मानिदिन अभिशप्त छन् । मुलुक र जनताले चाहेको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्ष, समावेशी र समानता सहितको समृद्ध नेपाल के यही हो ? होइन भने, चाहेको प्रगतिशील, अग्रगामी, समाजवादी र विभेद रहित समृद्ध नेपाल किन बनेन ? वा अझापि बन्ने बाटोमा हामी किन छैनौं ? यी प्रश्नहरूको जवाफ सरकार, संसद, संसद्मा उपस्थित जिम्मेवार दलहरूले दिनुपर्दैन ? पर्छ भने, जवाफ खै त ? अहिलेको मुलुकको प्रधान समस्या गरिबी, बेरोजगारी, अशिक्षा, विभेद, असमानता आदि भन्दा पनि जटिल जनताको मनमा गडेको अविश्वास, निराशा, भरोशाहीनता र भविष्यमाथिको अन्धकार दृष्टि नै हुन् । यस्तो जटिलतामा सत्ताको निम्ति राजनीतिक दलहरूको दुर्गन्धित स्वार्थ र कहिल्यै जनताको बलियो शक्तिका रूपमा उभिन नसक्ने प्रतिपक्षी दलका कारण हामी समस्यामा पर्दै आएका छौं । अब यसरी मुलुक, संविधान, व्यवस्था र राज्य चल्न सक्दैन । त्यसो हो भने अब गर्ने के त ? समाधानतर्फ ध्यान केन्द्रित गरौं ।

**जसरी पनि सत्ताको दुष्परिणाम**

नेपालको संसदीय व्यवस्था पुनः दुर्गन्धित बन्ने बाटोमा उद्यत देखिन्छ । आम चुनाव २०७९ मा जुन मत परिणाम प्राप्त भयो, त्यसलाई विडम्बनापूर्ण मान्न सकिन्छ । स्मरणरहोस्, चुनावअघि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जसपा, माधवकुमार नेपाल समूह आदि सहितको चुनावी गठबन्धन बनेको थियो । त्यो गठबन्धनको परिणामस्वरुप कांग्रेस सबैभन्दा ठूलो दल, नेकपा एमाले दोस्रो र माओवादी तेस्रो दल बन्न पुगे । कांग्रेस पहिलो दल बनेतापनि उसको एकल बहुमत आएन । एमाले दोस्रो बने पनि कांग्रेस भन्दा धेरै सानो बनेन । तर माओवादी केन्द्र भने निकै कमजोर तेस्रो दल बन्न पुग्यो । यस्तो अवस्थामा माओवादी र त्यसका नेता पुष्पकमल दाहाललाई भने सत्ता बार्गेनिङका लागि महत्वपूर्ण अवसर प्राप्त भयो । ज्ञातव्य नै छ, तत्कालीन समयमा कांग्रेसले दाहालका निम्ति प्रधानमन्त्री पद सजिलै नछाड्ने परिस्थिति देखा परेपछि दाहाल एमाले अध्यक्ष केपी शर्मा ओलीसँगको परम्परागत वैमनस्यताको पर्वाह नै नगरी केवल प्रधानमन्त्री पदका निम्ति हातेमालो गर्न हतारिए । फलस्वरुप एमाले, रवि लामिछाने नेतृत्वको रास्वपा, राप्रपा, जसपा आदि दल सम्मिलित नयाँ सत्ता गठबन्धन तयार पार्दै दाहाल प्रधानमन्त्री बन्न सफल भए । यो परिस्थितिसम्मलाई राजनीतिक दृष्टिबाट हेर्दा दाहालको कदमलाई सामान्य सत्ता चतुऱ्याइँका रूपमा मान्यता प्रदान गर्न सकिन्थ्यो । एमाले सहितको नयाँ गठबन्धनको समर्थनमा प्रधानमन्त्री बनेका दाहाल पुनः प्रमुख प्रतिपक्षीमा धकेलिन पुगेको नेपाली कांग्रेस सहितको पुरानै गठबन्धनका प्रिय पात्र बन्न पुगे । प्रधानमन्त्री बन्न सहयोग दिएको एमालेसँग के र कस्तो बाध्यताका कारण गठबन्धन तोड्न उनी अग्रसर भए ? अनपेक्षित सत्ता सहयात्री फेरेका प्रधानमन्त्री दाहालले कुनै प्रमाणित तथ्य र सामान्य राजनीतिक तर्क समेत दिनुपर्ने आवश्यकता ठानेनन् । अर्थात् सत्ता गुमाउन पुग्दा रन्थनिएको कांग्रेसलाई राहत नै मिल्यो ।

कांग्रेसलाई राष्ट्रपतिको पद थमाएर दाहालले गुन लगाए । कांग्रेस सहितको समर्थनमा केन्द्रदेखि प्रदेशसम्म नयाँ सत्ता गठबन्धन बन्यो र सोही बमोजिमका केन्द्रीय मन्त्रीहरूदेखि प्रदेश मुख्यमन्त्रीहरू बने । तर प्रधानमन्त्री पुष्पकमल दाहाल त्यत्तिकैमा अडिएनन् । गत वर्ष फागुन अन्त्यमा उसै गरी सत्ता सहयात्री दल कांग्रेसलाई कुनै संकेत समेत नगरी हठात् एमालेसँग सत्ता सहयात्राको पुनः प्रारम्भ गर्ने निर्णयमा पुगे । स्मरणीय के छ भने, सत्ता गठबन्धनका कारण उनको प्रधानमन्त्री पदमा तत्काल कुनै संकट आइपरेको अवस्था थिएन । भइरहेकै गठबन्धनमा पद, काम गर्ने सहज वातावरण र सहयोग (बहुमत) प्राप्त गर्दै रहेको परिस्थितिमा एक कार्यकारी प्रधानमन्त्रीले सत्ता गठबन्धन परिवर्तन गर्नुपर्नाका कारण सार्वभौम संसद् र नेपाली जनतालाई स्पष्ट गर्नु पर्दैन ? के यो संसदीय व्यवस्था गैरजिम्मेवार र नैतिक हिसाबले पतितहरूको व्यवस्था हो ? या सत्ता स्वार्थका निम्ति गैर-संसदीय तथा भ्रष्ट दल र तिनका नेतृत्वद्वारा व्यवस्था, संविधानको धज्जी उडाउने घृणित कार्य भइरहेको छ ? अथवा गैर-संसदीय दलहरूको संसद्मा बाक्लो उपस्थिति रहनुको दुष्परिणाम हो यो ? नेपालको राजनीतिक, सामाजिक र आर्थिक समस्या यथावत् छन् । एकातर्फ मुलुक र जनताले प्राप्त गरेका युगान्तकारी परिवर्तन एवं उपलब्धिको रक्षा गर्दै ती संवैधानिक हक कार्यान्वयन गरेर अग्रगामी युगतर्फ अगाडि बढाउनुपर्ने आवश्यकता छ । त्यो भनेको माओवादी सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलन २०६२/६३, मधेश विद्रोह, दलित आदिवासी जनजाति, महिला आदि समुदायका आन्दोलनहरूद्वारा प्राप्त उपलब्धि संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी र समानता, नागरिक अधिकारका महत्वपूर्ण आधार र उपलब्धिहरू हुन् । ती उपलब्धिको साझा दस्तावेज भनेको वर्तमान संविधान हो । अतः यो हाम्रो संविधानलाई मूल आधार मानेर थप नागरिक हक, जनता र मुलुकलाई समृद्ध बनाउनेतर्फ अग्रसर गराउनु यो युगको सबैभन्दा प्रमुख काम हो । नेपाली जनताको यो अत्यन्त महत्वपूर्ण जिम्मेवारी र दायित्व पूरा गर्न संसद् र सरकारमा योग्य तथा सक्षम दल र नेताको उपस्थिति जरूरी हुन्छ ।

अहिलेको संसद्मा विभिन्न वैचारिक दृष्टिकोण बोकेका राजनीतिक दलहरूको उपस्थिति रहेको भएतापनि व्यावहारिक लक्ष्य भने सत्ता-स्वार्थ मात्रै रहेको देखिन्छ । यो संविधानलाई बाध्यात्मक परिस्थितिमा मात्रै स्वीकार गरेकादेखि संविधानको खारेजी चाहनेसम्मका चरित्र वा दृष्टिकोण राख्ने दलहरूको संसद्मा कमी छैन । संविधानको इमानदारीपूर्वक कार्यान्वयन चाहने र समयानुकूल संशोधनको प्रक्रियालाई आत्मसात् गर्ने शक्तिको अभाव खट्किएको प्रष्ट छ । हाल संघीय (केन्द्रीय) सरकार तथा प्रदेश सरकार वा दुवै संरचनामा देखा परेका राजनीतिक अस्थिरता र कतिपय संवैधानिक संकटको समेत प्रमुख कारण माओवादी केन्द्र र त्यसका अध्यक्ष पुष्पकमल दाहालको अति सत्तामोह र अस्थिर चरित्र नै हो । कतिसम्म भने, सशस्त्र द्वन्द्वका घोषित सुप्रिम कमान्डर कामरेड दाहाल यति अस्थिर, पदलोलुप, जातिवादी तथा अक्षम छन्, त्यस्ता व्यक्तिले त्यो हिंसात्मक क्रान्तिको नेतृत्व कसरी गरे होलान् भन्ने सवाल उठ्नु अस्वाभाविक लाग्दैन । उनको पद, शक्ति, सम्पत्ति र परिवार मोहका कारण देशका निम्ति भनेर युद्धमा होमिएका र जीवन आहुति दिएका जनताको योगदानको अवमूल्यन भएको छ । संघीयता असफल गराउन महत्वपूर्ण भूमिका संविधान निर्माण गर्ने दलहरू, क्रान्तिकारीको ढोंग गर्ने दाहाल नेतृत्वको सरकार र दल साथै कांग्रेस, एमालेको छ । लोकतान्त्रिक गणतन्त्रको समेत हुर्मत लिएर असफलताको बाटोका पुऱ्याउने यिनै दल र तिनका जिम्मेवार नेतृत्व हुन् । अब संविधानलाई आधार मानेर थप अग्रगामी बाटोमा अघि बढाउन सक्ने दल वा शक्तिको एक ध्रुवीकरण र अन्य संविधान विरोधी तथा अझ पश्चगामी दिशातर्फ मुलुक र जनताको भविष्य बर्बादीतिर डोऱ्याउने शक्ति गरी दुई ध्रुव बन्ने छन् । यसरी राजनीतिको दुई ध्रुव निर्माण गरी मुलुक र जनताको सही शत्रु को हुन् छुट्याउने बेला निकट आउँदैछ ।

**संसद्मा प्रतिपक्षीको सम्पर्क विहीनता**

सत्ता-स्वार्थका कारण संघीय सरकारदेखि प्रदेश सरकारसम्मका अस्थिरता, कमजोर प्रतिफल, अक्षमता देखिँदै आइरहेको हो । दलहरू सरकारमा रहँदा जति निकम्मा, असफल र अयोग्य सावित बन्ने गरेका छन्, प्रतिपक्षमा रहँदा असम्पर्कित नै देखिने गरेका छन् । देशको ठूलो लोकतान्त्रिक दल भनिने नेपाली कांग्रेस प्रतिपक्षीको भूमिकामा सधैँ भूमिकाविहीन नै देखिने गर्दछ । संसदीय लोकतन्त्रमा प्रतिपक्षी दलको संसद्मा सबैभन्दा बढी जिम्मेवारी रहन्छ । भनिन्छ, संसद सत्ताको होइन, प्रतिपक्षीको हुने गर्दछ । सत्तालाई मात्रै अभीष्ट ठान्ने एवं सत्ता बाहिर रहँदा भूमिका, राष्ट्रिय र नीतिगत निर्णयहरूमा समेत लज्जास्पद बोली परिवर्तन गर्न समेत पछि नपर्ने कांग्रेसको सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गरेको कुनै विगत, इतिहास वा आगत छैन ।

देशको दोस्रो र वामपन्थबाट लोकतान्त्रिक बन्ने बाटोमा रहेको नेकपा एमालेको हालत कांग्रेसको भन्दा घृणित छ । २०५७ सालमा ५७ दिन संसद अवरोध गरेको एमालेले २०७८ सालमा ८६ दिन संसद अवरोध गरेर लज्जास्पद इतिहास निर्माण गऱ्यो । संसद् अवरोधको खराब रेकर्ड बनाएको एमालेले २०७८ सालमा जब प्रधानमन्त्री केपी शर्मा ओलीको दोस्रो पटकको असंवैधानिक संसद् विघटनको निर्णय पनि अदालतले पुनः उल्ट्याइदियो, प्रमुख प्रतिपक्षमा धकेलिएको एमालेले सत्ता त्याग्नु पर्नाको कुण्ठा पोख्न विना कारण लामो संसद् अवरोध गऱ्यो । संसद्को एक पूरा अधिवेशन अवरोध गरेको एमाले र त्यसका अध्यक्ष ओलीले विना कारण संसद्को अवरोध अन्त्य गरे । तथापि त्यो राजनीतिक अपराधको कुनै प्रायश्चित गर्ने वा माफी माग्ने कुनै कार्य नहुनु विडम्वना हो । नेपालको राज्य-सत्ता, सरकार, संसद् असफल, एकल जातिवादी, अक्षम र असफल देखिनुका मुख्य कारण एवं आधारहरू सत्तामा दल र तिनका नेतृत्व अयोग्य हुनु मात्रै होइन, बरु त्यत्तिकै जिम्मेवार प्रतिपक्षी दल असम्पर्कित बन्न पुग्नु समेत हो । अबको संसद्मा शेरबहादुर देउवा नेतृत्वको प्रतिपक्षी दलको भूमिका धेरै आशावादी बन्न सक्ने आधार नभेटिने भए पनि पूरा कार्यकाल हेर्न भने बाँकी नै छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ ।
**वृष** : विशिष्ट व्यक्तिको साथ पाइनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।
**मिथुन** : प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।
**कर्कट** : समाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।
**सिंह** : घर व्यवहारमा झमेला रहला । स्वास्थ्यमा खराबी रहला ।
**कन्या** : शुभारम्भको चर्चा चल्नेछ । आफन्तको प्रगतिमा मन रमाउला ।
**तुला** : शिक्षामा सफलता मिल्नेछ । दिन भाग्यशाली भएर देखा पर्नेछ ।
**वृश्चिक** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ ।
**धनु** : मनमा निराशा र शरीरमा आलस्य आउला । साँझमा राम्रो खबर पाइनेछ ।
**मकर** : दाम्पत्य जीवन सुखमय हुनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**कुम्भ** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् ।
**मीन** : आज लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ ।




# फोन बारम्बार ह्याङ्ग हुन्छ ? अपनाउनुहोस् यो उपाय



के तपाईले पनि पटक पटक फोन ह्याङ्ग हुने समस्यासँग संघर्ष गर्नुभएको छ ? यदि स्मार्टफोन अलि पुरानो भयो भने यसको कार्यसम्पादन सुस्त हुन्छ । फोन बारम्बार ह्याङ्ग हुन थाल्छ । यस्तो अवस्थामा धेरैलाई रिस उठ्छ । यदि तपाईसँग पनि यस्तो भइरहेको छ भने चिन्ता लिनु पर्दैन । अलिकति समझदारी देखाएर स्मार्टफोन ह्याङ्ग हुने समस्या समाधान गर्न सकिन्छ । सबैभन्दा पहिले, यो बुझ्न महत्त्वपूर्ण छ कि फोनमा के समस्या छ जसको कारण उपकरण बारम्बार ह्याङ्ग भइरहेको छ । यसका चार-पाँच कारण हुन सक्छन् ।

**कम स्टोरेज :** यदि तपाईको फोनमा कम स्टोरेज छ भने त्यसमा उपस्थित एपहरू सुस्त चल्छन् वा तिनीहरू क्र्यास हुन सक्छन् ।

**पुराना एपहरू:** प्रायः पुराना एपहरू जुन अपडेट नगरिएका छन्, त्यसमा बगहरू हुन सक्छन् जसले तपाईको फोनको प्रदर्शनलाई असर गर्छ ।

**ब्याकग्राउन्डमा चलिरहेका एपहरू:** धेरै एपहरू एकैसाथ चलाउँदा तपाईको फोनमा दबाब पर्न सक्छ, जसले गर्दा फोन ह्याङ्ग हुन सक्छ ।

**सफ्टवेयर समस्या:** तपाईको फोनको अपरेटिङ सिस्टममा बगहरू हुन सक्छ जसले ह्याङ्ग हुन सक्छ ।

**हार्डवेयर फेलियर:** केही अवस्थामा फोन ह्याङ्ग हुने समस्याले हार्डवेयरको समस्यालाई सङ्केत गर्दछ, जस्तै खराब मेमोरी वा ब्याट्री ।

अब यो समस्या कसरी समाधान गर्न सकिन्छ थप बुझ्नुहोस् ।

**फोन भण्डारण खाली गर्ने**

-फोनबाट अनावश्यक एप र फाइलहरू हटाउनुहोस् ।

-यदि तपाईको फोनको भण्डारण कम छ भने, फोटो, भिडियो र अन्य ठूला फाइलहरू क्लाउड स्टोरेज वा मेमोरी कार्डमा स्थानान्तरण गर्नुहोस् ।

-क्यास फाइलहरू र डाटा क्लियर गर्नुहोस् ।

**एप अपडेट गर्नुहोस्**

-गुगल प्ले स्टोर खोल्नुहोस् र तपाईका सबै एपहरू नयाँ संस्करणमा अपडेट गर्नुहोस् ।

-तपाईफोन बारम्बार ह्याङ्ग हुन्छ ? अपनाउनुहोस् यो उपायले अब प्रयोग नगर्ने पुराना एपहरू अनइन्स्टल गर्नुहोस् ।

**पृष्ठभूमिमा चलिरहेका एपहरू बन्द गर्नुहोस्**

आफ्नो स्मार्टफोनको ब्याकग्राउन्डमा चलिरहेका एपहरू बन्द गर्न सेटिङ श्र एपहरूमा जानुहोस् । अब फोन स्क्रोल गर्नुहोस् र त्यस्ता एपहरूमा क्लिक गर्नुहोस् र तपाईले प्रयोग नगर्ने एपहरू बन्द गर्नुहोस् ।

**फोन रिस्टार्ट गर्नुहोस्**

हप्तामा कम्तीमा एक पटक आफ्नो फोन रिस्टार्ट गर्नुहोस् । यसो गर्दा, क्यास डाटा स्वतः खाली हुन्छ र पृष्ठभूमिमा चलिरहेको प्रक्रिया पनि रोकिन्छ ।

**फोन फ्याक्ट्री रिसेट गर्नुहोस्**

यदि यस पछि पनि फोन ढिलो र ह्याङ्ग भइरहेको छ भने यसलाई रिसेट गर्नुहोस् । यसका लागि क्भततत्ष्लनक > System > Reset विकल्पमा जानुहोस् । त्यसपछि फ्याक्ट्री रिसेट चयन गर्नुहोस् । नोट गर्नुहोस्, फ्याक्ट्री रिसेट गर्नाले तपाईको फोनको सबै डाटा मेटिनेछ, यो गर्नु अघि ब्याकअप गरेको निश्चित हुनुहोस् ।

**सफ्टवेयर अपडेट गर्नुहोस्**

फोनको सफ्टवेयर अपडेट गर्न सेटिङ्स > सिस्टम > सिस्टम अपडेटमा जानुहोस् । यदि अपडेट उपलब्ध छ भने, यसलाई डाउनलोड र इन्सटल गर्नुहोस् ।

**हार्डवेयरका समस्याहरू जाँच गर्नुहोस्**

यदि तपाईले माथि उल्लिखित सबै विधिहरू प्रयास गर्नुभएको छ र तपाईंको फोन अझै ह्याङ्ग छ भने यो हार्डवेयरको समस्या हुन सक्छ । फोनलाई आधिकारिक सेवा केन्द्रमा लैजाँदा राम्रो हुन्छ ।

**यी गल्तीहरूबाट बच्नुहोस्**

आफ्नो फोन तात्न नदिनुहोस् । भाइरस र मालवेयरबाट जोगाउन एन्टिभाइरस एपहरू प्रयोग गर्नुहोस् । विश्वसनीय स्रोतहरूबाट मात्र एपहरू डाउनलोड गर्नुहोस् । आफ्नो फोन नियमित रूपमा अपडेट गर्नुहोस् ।

*-रातोपाटी डटकम*

# एप्पलले गुमायो नम्बर वानको ताज



'विश्वको नम्बर वान' स्मार्टफोन निर्माता कम्पनीको ताज एप्पलले गुमाएको छ । योसँगै नम्बर वान स्मार्टफोन कम्पनीको शीर्ष स्थानमा सामसुङले पुनरागमन गरेको छ । डेटा रिसर्च कम्पनी आईडीसीले चालु वर्ष सन् २०२४ को पहिलो त्रैमासमा विश्व बजारमा पठाइएका 'शिपमेन्ट गरिएका' स्मार्टफोनको संख्याका आधारमा तयार पारेको रिपोर्टले यस अवधिमा एप्पलको शिपमेन्टमा १० प्रतिशतले गिरावट आएसँगै शीर्ष स्थान गुमाएको हो । उता पहिलो स्थानमा पुनरागमन गरेको सामसुङले विश्व स्मार्टफोन बजारमा आफ्नो हिस्सा बढाउँदै २०.८ प्रतिशत पुराएको छ । दोस्रो स्थानमा खस्किएको एप्पलको बजार हिस्सा १७.३ प्रतिशतमा खुम्चिएको छ ।

आइफोन निर्माता एप्पलले गत वर्षको डिसेम्बर त्रैमासमा सामसुङलाई पछि पार्दै नम्बर वान स्मार्टफोन कम्पनी बन्न सफल भएको थियो । तर, उसले त्यो ताज लामो समयसम्म टिकाउन सकेन । दक्षिण कोरियाली कम्पनी सामसुङले सन् २०२४ को सुरुवातमै सामसुङ ग्यालेक्सी एस२४ सिरिज लन्च गरेको थियो । वर्षको पहिलो त्रैमासमै कम्पनीले ६ करोडभन्दा धेरै फोन विश्व बजारमा पठाउन सफल भयो । ग्यालेक्सी एस २४ को विश्वव्यापी बिक्रीमा गतवर्ष लन्च भएको ग्यालेक्सी एस २३ को तुलनामा ८ प्रतिशतको वृद्धि देखियो । उता वर्षको पहिलो त्रैमासमा एप्पलले भने ५ करोड १ लाख गोटा आइफोन विश्व बजारमा पठाएको छ । गतवर्ष यही अवधिमा आइफोनको शिपमेन्ट ५ करोड ५४ लाख गोटा थियो ।

बजार हिस्साको हिसाबले सामसुङ र एप्पलपछि विश्वको तेस्रो ठूलो स्मार्टफोन कम्पनी शाओमी बनेको छ । यो वर्षको पहिलो त्रैमासमा चिनियाँ स्मार्टफोन निर्माता शाओमीको मार्केट शेयर १४.१ प्रतिशत छ । यस अवधिमा उसले ४ करोड ०८ लाख गोटा स्मार्टफोन बिक्री गरेको छ, जुन गत वर्षको यहीं अवधिको तुलनामा ३३ प्रतिशतले बढी हो । त्यस्तै चौथो स्थानमा अर्को चिनियाँ स्मार्टफोन कम्पनी ट्रान्सन रहेको छ । पहिलो त्रैमासमा कम्पनीले २ करोड ८५ लाख गोटा स्मार्टफोन बजारमा पठाएको छ, जुन गतवर्षको यही अवधिको तुलनामा ८५ प्रतिशतले बढी हो । विश्व स्मार्टफोन बजारमा ट्रान्सनको हिस्सा ९.९ प्रतिशत रहेको छ । त्यस्तै पाँचौं स्थानमा पनि अर्को चिनियाँ कम्पनी ओप्पो छ । पहिलो त्रैमासमा ओप्पोले कुल २ करोड ८५ लाख गोटा स्मार्टफोन शिपमेन्ट गर्दै विश्व स्मार्टफोन बजारको ८.७ प्रतिशत हिस्सा कब्जा गर्न सफल भएको छ । यसैबीच वर्षको पहिलो त्रैमासमा विश्व स्मार्टफोन बजारमा स्मार्टफोनको आपूर्तिमा ८ प्रतिशतले वृद्धि भएको छ । आईडीसीको तथ्यांक अनुसार यस अवधिमा विश्व स्मार्टफोन बजारमा २८ करोड ९० लाख गोटा स्मार्टफोनको शिपमेन्ट भएको छ । विश्व स्मार्टफोन बजारमा लगातार वृद्धि देखिएको यो तेस्रो त्रैमास हो ।

*-अनलाइन खबर डटकम*

# पैसा दिने एप ल्याएपछि टिकटकलाई ईयूको प्रश्न





युरोपियन युनियन (ईयू)ले प्रयोगकर्तालाई लत बसाउने जोखिम भएको भन्दै टिकटकको नयाँ फिचरबारे कम्पनीलाई प्रश्न सोधेको छ । टिकटकले यही महिना फ्रान्स र स्पेनमा वाच-एन्ड-गेट-रिवार्डेड भन्दै टिकटक लाइट एप सार्वजनिक गरेको थियो । उक्त एपमा भिडियो हेरेर, लाइक, कमेन्ट एवं अन्य प्रयोगकर्तालाई फलो गरेरै कम्पनीले रिवार्ड पोइन्ट उपलब्ध गराउने जनाएको छ ।

उक्त रिवार्ड पोइन्टलाई अमेजन भौचर, पेपलबाट गिफ्ट कार्ड एवं टिकटककै कोइनबाट पैसामा परिणत गर्न सकिने बताइएको छ । टिकटकको मुख्य कम्पनी बाइटडान्सले यो एप सार्वजनिक गर्नुअघि जोखिमको मूल्यांकन गर्नुपर्ने युरोपेली आयोगको भनाइ छ । यसले बालबालिका एवं अन्य प्रयोगकर्तालाई एप चलाउने लतमा पार्नसक्ने भन्दै ईयूले २४ घण्टाभित्र जोखिम मूल्यांकन रिपोर्ट उपलब्ध गराउन टिकटकलाई निर्देशन दिएको छ । टिकटकले यो रिवार्ड सुविधा १८ वर्षभन्दा माथिका प्रयोगकर्ताका लागि मात्रै भएको र उमेर प्रमाणीकरण गर्न आवश्यक हुने बताएको छ । यस्तै दैनिक एक युरोको मात्रै भुक्तानी हुनेगरी सीमा लगाइएको टिकटकले स्पष्ट पारेको छ ।

*-बाह्रखरी डटकम*

# फेला पर्‍यो अर्को विशाल ब्लाक होल




खगोलविद्हरूले पृथ्वीबाट २ हजार प्रकाश वर्षभन्दा कम दूरीमा एउटा विशाल 'सुतिरहेको विशाल ब्ल्याक होल' पत्ता लगाएका छन् । खगोलविद्हरूले अन्तरिक्षमा असामान्य तर हल्का डगमगाएको पत्ता लगाए पछि आकास गंगा ग्यालेक्सीमा सबैभन्दा ठूलो ज्ञात तारकीय ब्ल्याक होल भेट्टाएका हुन् । 'जिएआइए बिएच ३ नामक 'स्लीपिङ जायन्ट' हाम्रो सूर्यको भन्दा लगभग ३३ गुणा बढी द्रव्यमान छ र यो अक्विला तारामण्डलमा १,९२६ प्रकाश वर्ष टाढा अवस्थित छ, जसले यसलाई पृथ्वीको दोस्रो सबैभन्दा नजिकको ब्ल्याक होलको रूपमा लिन सकिन्छ,' बैज्ञानिकहरूले भनेका छन् ।

सबैभन्दा नजिकको ब्ल्याक होल जिएआइए बिएच ३ हो, जुन लगभग १५०० प्रकाश वर्ष टाढा अवस्थित छ र यसको द्रव्यमान हाम्रो सूर्यको भन्दा लगभग १० गुणा मात्रै ठूलो रहेको छ । खगोलविद्हरूले वैज्ञानिक समुदायलाई आगामी डाटा रिलिजको लागि युरोपेली अन्तरिक्ष एजेन्सीको ग्याया स्पेस टेलिस्कोपको माध्यमबाट ब्ल्याक होल पत्ता लगाएका हुन् । अन्वेषकहरूले केहि फेला पार्ने आशा गरेका थिएनन् तर एक विचित्र गति नजिकैको जिएआइए बिएच ३ को गुरुत्वाकर्षण प्रभाव परिरहेको देखे पछि उनीहरूको आँखा एक टक्क भएका थिए । 'धेरै निस्क्रिय ब्ल्याक होलहरू पहिचान गर्न पर्याप्त नजिकको साथी हुँदैन, त्यसैले तिनीहरू पत्ता लगाउन धेरै गाह्रो हुन्छन् र कुनै प्रकाश उत्पन्न गर्दैनन् । तर अन्य तारकीय ब्ल्याक होलहरूले साथी ताराहरूबाट सिफन सामग्री र पदार्थको आदानप्रदानले चम्किलो एक्स किरणहरू जारी गर्दछ, जुन टेलिस्कोपहरू मार्फत देख्न सकिन्छ,' युरोपियन ग्यागा स्पेशका एक अधिकारीले भने ।

अक्विला तारामण्डलमा पुरानो विशाल ताराको डगमगाउने हलचलले यो सुप्त ब्ल्याक होलको साथ कक्षीय नृत्यमा रहेको खुलासा गर्‍यो । र, यो गायाले देखेको तेस्रो यस्तो निष्क्रिय ब्ल्याक होल हो । अन्वेषकहरूले चिलीको अटाकामा मरुभूमिमा रहेको युरोपेली दक्षिणी अब्जर्भेटरीको धेरै ठूलो टेलिस्कोप र अन्य भू-आधारित वेधशालाहरू प्रयोग गरी गाया बि ३ को द्रव्यमान पुष्टि गर्न प्रयोग गरेका थिए । र तिनीहरूको अध्ययनले यस्तो विशाल ब्ल्याक होल कसरी भयो भन्ने नयाँ संकेतहरू पनि प्रदान गरेको छ । यो निष्कर्ष मंगलबार एस्ट्रोनोमी एन्ड एस्ट्रोफिजिक्स जर्नलमा प्रकाशित भएको छ । फ्रान्सको नेशनल सेन्टर फर साइन्टिफिक रिसर्चको एक हिस्सा र अब्जर्भेटोयर डे पेरिसका खगोलविद् पास्क्वाले पानुज्जोले भने, 'कसैले पनि उच्च द्रव्यमानको ब्ल्याक होल नजिकै लुकेको अहिलेसम्म पत्ता लगाएका थिएनन तर फेला पार्ने आशा पनि गरेको थिएनन् । उनले अगाडि भने, 'यो खोजको प्रकार हो जुन तपाईंले आफ्नो अनुसन्धान जीवनमा एक पटक गर्नुहुन्छ ।'

*-डिसी नेपाल डटकम*

# अनरको फोल्डेबल फोन 'अनर म्याजिक भि २' सार्वजनिक




अनर नेपालले अहिले सम्मकै पातलो र हलुका फोल्डेबल फोन 'अनर म्याजिक भि२' सार्वजनिक गरेको छ । अनरको लागि नेपालको एक मात्र अधिकारिक बिक्रेता सेलट्रोन नेपालले यो फोल्डेबल फोन नेपालमा ल्याउन पहल गरेको हो । मात्र २३१ ग्राम तौल भएको र फोल्ड गर्दा ९.९ एमएम मोटाइ भएको यो फोन अहिलेसम्मकै सबैभन्दा पातलो र हलुका फोल्ड गर्न मिल्ने फोन बनेको कम्पनीको दाबी छ । अनर म्याजिक भि२ ले पातलो डुअल सिलिकन-कार्बन ब्याट्रीहरू मात्र २.७२ एमएम को औषत मोटाइमा आउँछ ।

५००० एमएएच को ब्याट्री क्षमता र ६६ बार्ट अनर सुपर चार्जलाई यसले समर्थन गर्छ जसले प्रयोगकर्ताहरूलाई निरन्तर चार्ज गर्नुपर्ने झन्झटबाट मुक्ति दिन्छ । यसले फोटोग्राफी र भिडिओग्राफीमा नयाँ मापदण्ड सेट गरेको छ । यसमा ५० एमपी मुख्य क्यामेरा (एफ/१.९), ५० एमपी अल्ट्रा-वाइड क्यामेरा (एफ/२.०), र २० एमपी टेलिफोटो क्यामेरा ( एफ/२.४) ट्रिपल रियर क्यामेरा सेटअप समावेश छ । प्रयोगकर्ताहरूलाई यसको उच्च प्रकाश सेन्सिङ क्षमताहरूसँग सभ्य फोटोहरू उत्पादन गर्न अनुमति दिन्छ । यो (१६+५१२) जिवीको भेरियन्टमा आउने कम्पनीको भनाइ छ । यो फोन पर्पल र भेगन लेदर भएको ब्ल्याक गरी दुई रंगहरूमा पाइन्छ । जसको मूल्य २ लाख ३९ हजार ९९९ रूपैयाँ तोकिएको छ भने आकर्षक अफरहरू र उपहारहरू सहित आज (आइतबार) बाट देशभरी उपलब्ध गरिएको कम्पनीले बताएको छ । लन्चिङ अफरहरू अर्ली बर्ड अफर, म्याजिक अफर र गो बियन्ड अफर गरी तीन प्रकारका छन् । ग्राहकहरूले यी तिन अफरमध्ये आफ्नो लागि उपयुक्त एउटा अफर छान्न सक्नेछन् । अर्ली बर्ड अफरमा अनर एक्स ८बी र अनर च्वाइस इयरबड्स एक्स ५ को निःशुल्क उपहार समावेश छ । म्याजिक अफरमा अनर वाच४, अनर च्वाइस इयरबड्स एक्स ५ र योयो सो भाउचर समावेश छ । गो बियन्ड अफरमा भेस्पाको छुट भौचर समावेश छ । ग्राहकहरूले यसलाई अफलाइन अधिकृत अनर स्टोरहरू, दराज र हकुट जस्ता अनलाइन प्लेटफर्महरू मार्फत पनि किन्न सक्नेछन् भने यो अफर ५ मे २०२४ सम्म जारी रहने कम्पनीको भनाइ छ ।

*-सेतोपाटी डटकम*

# पाल्पामा पनि शिक्षाका लागि विश्व कार्य सप्ताह सुरु



**पाल्पा,** बैशाख १०/सबै बालबालिकाले समान र समतामूलक रुपमा शिक्षा पाउनुपर्ने आवाजसहित शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालले देशभर शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह सुरु गरेको छ । विभिन्न कार्यक्रमसहित सोमबारदेखि कार्यसप्ताह सुरु भएको हो ।

पाल्पामा पनि एनसिइ जिल्ला समन्वय शाखाले शिक्षा क्षेत्रका विभिन्न सवाल तथा समसामयिक विषयहरुमा सरोकारवाला निकायहरुको ध्यानाकर्षणसँगै र्‍याली निकालेर कार्यसप्ताह सुरु गरेको छ । शुभारम्भको दिन तानसेनस्थित शित्तलपाटीदेखि मखनटोल, सिल्खानटोल हुँदै शिक्षा विकास तथा समन्वय इकाई कार्यालयसम्म बाजागाजासहित र्‍याली गरिएको थियो । र्‍याली पश्चात एनसिईले शिक्षा विकास तथा समन्वय इकाई, पाल्पामार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई ज्ञापनपत्र पठाएको छ । शिक्षा क्षेत्रका विभिन्न सवाल तथा समसामयिक विषयहरुमा सरोकारवाला निकायहरुको ध्यानाकर्षण गर्न ज्ञापनपत्र पठाएको जिल्ला संयोजक तथा सामाजिक श्रोत विकास केन्द्र नेपालका कार्यकारी निर्देशक चोपलाल गिरीले बताए । शिक्षा विकास तथा समन्वय इकाई पाल्पाका निमित्त प्रमख अधिकृत हेम शर्मा रिजालले यसलाई सम्बन्धित स्थानमा पठाइने जानकारी दिए । शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह 'ट्रान्सफरमेटिभ एजुकेशन' भन्ने मूल नाराका साथ बैशाख १० देखि १४ गतेसम्म नागरिक समाजका संघसंस्था तथा प्रतिनिधिहरुद्वारा विभिन्न कार्यक्रमहरु गरी मनाइँदै छ ।

नेपालको सार्वजनिक शिक्षामा पर्याप्त लगानी गर्दै शिक्षा क्षेत्रमा रुपान्तरण आवश्यक छ भन्ने मुद्दालाई एनसिई नेपालले सधैं उजागार गर्दै आएको र विद्यालय र सिकाई केन्द्रहरुमा अनलाईन शिक्षा, विद्यालयको पाठ्यक्रममा समसामयिक पुनर्विचार र परिमार्जन साथै शिक्षालाई दैनिक जीवनसंग जोड्दै शिक्षालाई गुणस्तरीय, समावेशी, जीवनउपयोगी, अन्य पक्षसँग अन्तर सम्बन्धित गर्दै यसको रुपान्तरण आवश्यक रहेको पूर्व जिल्ला संयोजक रुद्र मश्राङ्गी मगरले बताए । नेपालको संविधान धारा ३१ अनुसार माध्यमिक तहसम्मको शिक्षालाई गुणस्तरीय, नि:शुल्क र अनिवार्य बनाउन शिक्षामा लगानी बढाउनु पर्ने, नेपालको संविधान २०७२ को धारा ३१ मा उल्लेख गरिएको शिक्षा सम्बन्धी हकलाई लागु गर्ने गराउनुपर्ने, नि:शुल्क तथा अनिवार्य गुणस्तरीय सार्वजनिक शिक्षा सुनिश्चितताको लागि संघीय, प्रदेश तथा स्थानीय सरकारले शिक्षामा लगानी बढाउनुपर्ने माग ज्ञापनपत्रमा उल्लेख छ । विद्यार्थीको शारीरिक तथा मानसिक विकास, शान्तिपूर्ण वातावरणमा पढ्न मिल्ने बालमैत्री, अपाङ्गमैत्री संरचनाको व्यवस्थापन तथा बालबालिकाको सिकाई अभिवृद्धिका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारले २० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने माग रहेको छ । सार्वजनिक शिक्षाको न्यूनतम गुणस्तरको मापदण्ड बनाई कार्यान्वयन गर्दै सुरक्षित बालमैत्री पूर्वाधार सहितको भौतिक संरचनाको निर्माण र विकास गरी बालमैत्री शिक्षण सिकाईप्रति प्रतिबद्ध हुनुपर्ने लगायत २६ बुँदे माग ज्ञापनपत्रमा छ ।

# आगलागी प्रभावितको राहत...

...गत शनिबार जिल्लाको इस्मा गाउँपालिका वडा १, २ र ४ मा नजिकैको जंगलबाट सल्केको डढेलोले २४ घर, ४८ गोठ जलेका र ४० भन्दा बढी पशुचौपाया मरेका कांग्रिसले जनाएको छ । यस्तै आगो निभाउने क्रममा इस्मा गाउँपालिका-१ का १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ का २१ वर्षीय प्रेम राना घाइते भएकोमा उनीहरुको सर्वसुलभ उपचारमा ध्यान दिइन पनि कांग्रिसले सम्बन्धित निकायलाई आग्रह गरेको छ । इस्मा गाउँपालिकासँगै रेसुङ्गा, गुल्मीदरबार, रुरु, मदाने, छत्रकोट र मालिका गाउँपालिकामा समेत डढेलोका कारण करोडौंको भौतिक क्षति हुन पुगेको, खानेपानीका पाइपहरु जल्नुको साथै विद्युत आपूर्तिमा अवरोध भएको, पीडित नागरिकहरु खुला आकाशमा रात कटाउन बाध्य भएको अपिलमा उल्लेख छ । यस्तै आगलागीमा परी जलेर घाइते भएकाहरुको स्वास्थ्य अवस्था बुझ्न पार्टी सचिव भट्टराई अस्पताल पुगेका छन् । घाइते भई तानसेनस्थित युनाईटेड मिसन अस्पतालमा उपचाररत इस्मा गाउँपालिका-१ का १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ का २१ वर्षीय प्रेम रानाको अवस्था बुझ्न भट्टराई सोमबार अस्पताल पुगेका हुन् । जहाँ विपद् त्यहाँ कांग्रेस भन्ने अभियान सहित राजनीतिमा सक्रिय युवा नेता भट्टराईले घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा कुनै पनि कमी हुन नदिन अस्पताललाई आग्रह समेत गरेका छन् ।


## यातायात व्यवस्था सेवा कार्यालय, पाल्पाको अनुरोध

- सीट क्षमता भन्दा बढी यात्रु राखेर सवारी साधन नचलाऔं ।
- सवारी साधनको कर समयमै बुझाउँ ।
- आफुले प्राप्त गरेको रुट भन्दा अन्यत्र जानुपर्दा रुट परमिट लिएर मात्र जाउँ ।
- जुन प्रयोजनको लागि सवारी दर्ता गरिएको हो सोही प्रयोजनका लागि मात्र सवारी प्रयोग गरौं ।
- सवारी साधन सम्बन्धी कर, नविकरण, रुट परमिट, नामसारी जस्ता कुनै पनि कार्यका लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा नै गई सो सम्बन्धी व्यवस्थाका विषयमा जानकारी लिउँ ।
- सवारी चालकले सिटबेल्ट लगाएर मात्र सवारी चलाउने गरौं ।
- सवारी साधन चलाउँदा मोवाइलमा कुरा गर्दै सवारी नचलाऔं ।
- मादक पदार्थ तथा लागु पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

**यातायात व्यवस्था सेवा कार्यालय**
**पाल्पा**


## खेलकुद समाचार

### तानसेनमा वडास्तरीय क्रिकेट प्रतियोगिता सुरु



**पाल्पा,** वैशाख १०/जिल्लाको तानसेन स्थित टुँडिखेल मैदानमा वडास्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको छ । राष्ट्रका लागि खेलकूद, स्वास्थ्यका लागि खेलकूद भन्ने नाराका साथ सोमबारदेखि तानसेनमा वडास्तरीय प्रतियोगिता सञ्चालन भएको हो ।

तानसेन नगरपालिका- ४ वडा कार्यालको आयोजनामा भएको प्रतियोगिताको पहिलो दिन २ खेल भएका छन् । जसमा तानसेन नगरपालिका वडा नं ६ र वडा न. १ विजयी भएको वडा नं. ६ का वडा अध्यक्ष सागरमान महर्जनले जानकारी दिए । उनका अनुसार पहिलो खेलमा वडा नं. ६ र वडा नं. ११ बिच प्रतिस्पर्धा भएको थियो । जहाँ जडा नं. ६ ले वडा नं. ११ लाई हराएको हो । दोस्रो खेलमा वडा नं. १ र वडा नं ९ बिच खेल भएको थियो । जसमा वडा नं. १ ले ९ लाई हराएको छ ।

### बागमतीले लुम्बिनी प्रदेशलाई २५ रनले हरायो

**काठमाडौं,** वैशाख १०/वीर गणेशमान सिंह टी-२० राष्ट्रिय क्रिकेट च्याम्पियनसिपको सोमबार भएको दोस्रो खेलमा बागमती प्रदेशले लुम्बिनी प्रदेशलाई २५ रनले हराएको छ । काठमाडौंस्थित मुलपानी क्रिकेट मैदानमा खेलिएको उक्त खेलमा टस जिती पहिले ब्याटिङ रोजेको बागमतीले निर्धारित ओभरमा नौ विकेट गुमाएर एक सय ६२ रन बनाएको थियो ।

जवाफी ब्याटिङमा ओर्लिएको लुम्बिनी प्रदेशले भने निर्धारित ओभरमा नौ विकेट गुमाएर एक सय ३७ रनमात्र बनाउन सक्यो । लुम्बिनीका ब्याट्सम्यानले गतिलो प्रदर्शन गर्न सकेनन् । बागमतीका लागि कप्तान रित गौतमले अर्धशतकीय पाली खेले । ओपनर ब्याट्सम्यान रितले ५६ रन बनाए । उनले ४३ बलमा ६ वटा चौका पनि प्रहार गरे । उनी म्यान अफ दि म्याढ पनि घोषित भए । रामनरेश गिरीले पनि टोलीका लागि अविजित २८ रनको योगदान गरे । आक्रामक रूपमा प्रस्तुत भएका उनले केवल १२ बलको सामना गरी एक छक्का र तीन चौका हिर्काएका थिए । लुम्बिनी प्रदेशका बलर नर सार्की एक्लैले चार विकेट लिए । उनले तीन ओभरमा केवल २३ रन खर्चिएका थिए । देव खनालले पनि दुई विकेट हात पारे । अभिषेक गौतमले एक विकेट लिए । जवाफी ब्याटिङ गरेको लुम्बिनीका लागि कृष्ण कार्कीले सर्वाधिक ३८ रन बनाए । सुनिल भण्डारीले पनि टोलीको खातामा ३४ रन थपे । ओपनर ब्याट्सम्यानले भने निराशाजनक प्रदर्शन गरे । कप्तान देव खनाल खाता खोल्नुअघि नै पेभेलियन फर्किए । अर्का ओपनर मृनाल गुरुङ पनि १२ रनभन्दा अगाडि बढ्न सकेनन् ।

## कर्पोरेट/अर्थ समाचार

# सहुलियत कर्जा उलब्ध गराउन गरिमा बैंक र टान बीच सम्झौता



**पाल्पा,** वैशाख १०/विभिन्न प्रकारका कर्जाहरुमा सहुलियतसहितको सेवा उपलब्ध गराउने उद्देश्यले गरिमा विकास बैंक लिमिटेड र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) गण्डकीबीच सम्झौता भएको छ । बैंकका पोखराका क्षेत्रीय प्रबन्धक भोलाप्रसाद तिवारी र टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले संयुक्त रुपमा सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार टानका सदस्यहरूलाई बैंकले अधिकतम ५० लाख रुपैयाँसम्म गरिमा सरल एसएमई आवधिक र ओभरड्राफ्ट कर्जा नियम अनुसार सहुलियत ब्याजदरका साथ उपलब्ध गराउनेछ । साथै ५ लाख रुपैयाँसम्मको बैंक ग्यारेन्टी मात्र १० प्रतिशतको नगद मार्जिनमा उपलब्ध गराउने पनि विज्ञप्तिमा उल्लेख छ । यी सेवाहरुले टान सदस्यहरूलाई व्यापार व्यवसायमा सहजीकरण हुने बैंकले विश्वास लिएको छ । इच्छुक सदस्यले आफूलाई पायक पर्ने बैंकको कुनै पनि शाखा कार्यालयमा सम्पर्क गरी सेवा लिनसक्ने पनि विज्ञप्तिमा उल्लेख छ ।

सम्झौता पश्चात टानले बैंकलाई बैंकिंग पार्टनरको रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ । यसअघि बैंकले टानको केन्द्रीय संगठनसँग काठमाडौंमा यसै किसिमको सम्झौता गरिसकेको छ । लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको बैंकले उपत्यकाभित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, एक एक्सटेन्सन काउण्टर र ५१ वटा एटिएममार्फत ग्राहकलाई वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०१/११**

उपरोक्त सम्बन्धमा यस श्री युवा वर्ष माध्यमिक विद्यालय तिनाउ-१, कचल, पाल्पा को मिति २०८१/०१/०६ गते बसेको वि.व्य.स. को बैठकको निर्णय, तिनाउ गाउँपालिकाको च.नं. ११५५ मिति २०८१/०१/१० गतेको सिफारिस पत्रानुसार र शिक्षा विकास तथा समन्वय इकाई तानसेन पाल्पाको मिति २०८१/०१/१० र च.नं. १३०८ को अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त शिक्षक पदपूर्तिका लागि तपशिल योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं. :** ०१/०८०/०८१, **संख्या :** १, **तह :** नि. मा.वि.
**विषय :** गणित, **श्रेणी :** तृतीय, **किसिम :** राहत
**न्युनतम शैक्षिक योग्यता :** गणित विषयमा १०+२ वा सो सरह
**विज्ञापन नं. :** ०२/०८०/०८१, **संख्या :** १, **तह :** नि. मा.वि.
**विषय :** अंग्रेजी, **श्रेणी :** तृतीय, **किसिम :** राहत
**न्युनतम शैक्षिक योग्यता :** अंग्रेजी विषयमा १०+२ वा सो सरह
**तलब भत्ता :** नेपाल सरकारको प्रचलित नियमानुसार
**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर :** रु ७००/-
**दरखास्त दिनुपर्ने अन्तिम मिति :** २०८१/०१/२४ गते विद्यालय समयभित्र
**सम्पर्क मिति :** २०८१/०१/२४ गते विद्यालय समयभित्र
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ, **परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, स्थाई अध्यापन अनुमति प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र प्रत्येकको २/२ प्रति ।
**थप जानकारीको लागि सम्पर्क :** ९८६७३९६२५३, ९८६७३९६३२२, ९८४७११६५६०
*(**नोट:** कुनै करार सूचीको उम्मेदवारको दरखास्त पर्न गएमा अग्रस्थानमा रहेको करार सूचीको उम्मेदवारलाई आवश्यक प्रक्रिया पुर्‍याई नियुक्ति दिइने छ ।)*

**श्री युवा वर्ष माध्यमिक विद्यालय**
तिनाउ-१, कचल, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई